निर्णय :

हालैका दिनमा देशब्यापी रुपमा महामारी रुपमा फैलिरहेको कोभिड १९ को संक्रमण यस जिल्लामा समेत नराम्ररी प्रभावित भैरहेको जानकारी भएकै छ, यस महामारीलाई रोकथाम नियन्त्रणमा एम्बुलेन्स सेवाको भुमिकालाई प्रभावकारी बनाउन एम्बुलेन्स सेवा संचालनमा निम्न बमोजिम गर्ने गराउने निर्णय गरियो ।

१) जिल्लामा रहेका एम्बुलेन्सहरुको संचालन अवस्था र बर्तमान सेवा प्रवाहहरुको बारेमा समिक्षा भयो ।

२) कोभिड-१९ को बढ्दो संक्रमण र जोखिमलाई मध्यनजर गरि एम्बुलेन्स चालक तथा संचालकहरुले पार्टीसन गर्ने , चालक / सहयोगीले सूरक्षाका उपायहरु अवलम्बन गर्ने, स्यानिटाईजरको नियमित प्रयोग गर्ने, गाडीलाई नियमित रुपमा निसंक्रमण गर्ने लगायतका जनस्वास्थ्यका मापदण्डहरुको पालना, सेवा प्रवाह गर्ने ।

३) भौगोलिक क्षेत्र अनुसार साविक गा.वि.स. / न.पा.मा कार्यक्षेत्रमा रही सेवा संचालन गर्ने गरि भन्सार छुटको सिफारिश गरिएका एम्बुलेन्सहरु तत् तत् स्थानहरुमा हालका स्थानीय तहमा रही सेवा प्रवाह गर्ने ।

४) मिति २०७६।११।२० को निर्णयानुसार स्थानीय तहमा रहेका एम्बुलेन्सहरुको संचालनमा सहजिकरण, अनुगमन, निरिक्षण लगायतका कार्यहरु गर्नका लागि ७ वटै स्थानीय तहहरुमा पुनः अनुरोध गर्ने ।

५) जिल्ला स्थित सम्पुर्ण एम्बुलेन्सहरुमा भरीएका अक्सिजन सिलिण्डरहरु प्रयोग ल्याउन मिल्ने अवस्थामा राख्ने ।

६) कोभिड-१९ संक्रमित विरामीहरु ओसार पसार गर्नका लागि भाडा दरमा एकरुपता हुनेगरि देहाय बमोजिमको ब्यवस्था गर्ने ।

क) आतेजाते (ग) बर्गको एम्बुलेन्सले प्रति कि.मी. रु ४०। र(ख)वर्गको एम्बुलेन्सले आतेजाते रु ५०। भाडा दर यथावतै कायम गर्ने ।

ख) एम्बुलेन्सलाई निसंक्रमण गर्न र सुरक्षा समाग्रिका लागि बढीमा रु १०००। थप गरि लिन सक्ने ।

ग) चालकको जोखिमलाई मध्यनजर गरि जोखिम भत्ता प्रति केश रु ५००। लिन पाउने व्यवस्था गर्ने ।

७) बिरामी बाहेक कम्तीमा २ जना मात्र राख्न पाईने व्यवस्थालाई पालना गर्ने ।

८) यस बाहेक एम्बुलेन्स संचालन सम्बन्धि आचारसंहिता अनिवार्य पालना गर्ने ।

९) एम्बुलेन्स संचालन गर्ने जिम्बेवार संघ/संस्था वा संचालकले बढीमा एक हप्ता भित्र मर्मत संभार गरी चालू हालतमा ल्याउने । एम्बुलेन्सका मर्मत संभारका लागि कुनै दुई वा तीन

मर्मत सेन्टरहरुका नाम जिल्ला सम्यूक्त एम्बुलेन्स चालक संघले जिल्ला प्रशासन कार्यालयमा आवश्यक सहजीकरणका लागि बुझाउने ।

१०) कोभिड-१९ को महामारीमा एम्बुलेन्स संचालनलाई प्रभावकारी बनाउन, आवश्यक सहजीकरण गर्न तथा विवरणहरु अध्यावधिक गरी द्रुत प्रतिकार्य एवं समन्वय गर्नका निम्ति स्वास्थ्य कार्यालय चितवनका प्रशासन अधिकृत श्री शिव शर्मा पौडेलको संयोजकत्वमा निम्न बमोजिमका सदस्य रहने गरी पांच सदस्य एम्बुलेन्स संचालन समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री शिव शर्मा पौडेल, प्र अ , स्वास्थ्य कार्यालय चितवन ।

सदस्य श्री भगवान राज थापा, प्रमुख, जिल्ला ट्राफिक कार्यालय चितवन ।

सदस्य श्री शालिकराम पौडेल, उपमन्त्री नेपाल रेडक्रस सोसाइटी, चितवन ।

सदस्य श्री मिलन श्रेष्ठ, जिल्ला सम्यूक्त एम्बुलेन्स चालक संघ ।

सदस्य श्री प्रहरी ईन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय , चितवन ।